# ललितपुर महानगरपालिका

## यल महानगरपालिका

# स्थानीय राजपत्र

**ललितपुर महानगरपालिकाद्वारा प्रकाशित**

वर्ष ७, ललितपुर, मंसीर ८ गते, २०८० साल, अतिरिक्ताङ्क ४

## भाग - २

## महानगर विपद् व्यवस्थापन स्वयं सेवक ब्युरो गठन तथा परिचालन निर्देशिका, २०८०

**प्रस्तावनाः**

ललितपुर भुकम्प र आगलागी, बाढी, पहिरो, महामारी, जस्ता विभिन्न प्राकृतिक तथा ग्रैह प्राकृतिक विपद्हरु

जोखिममा रहेको छ र यस्ता विपद्हरुको जोखिम पनि दिनानु दिन बढ्दै गईरहेको छ ।

समुदाय स्तरमा आपत्कालिन अवस्था परेको समयमा समुदायका ब्यक्तिहरु नै विपद्को पहिलो प्रति कार्यकर्ता हुन् । विपद् पूर्व तयारी र विपद् प्रति कार्य क्षेत्रमा स्वयंसेवकहरुलाई प्रभावकारी र व्यवस्थित रुपमा परिचालन र व्यवस्थापन गरी विपद्का समयमा जनधनको क्षति न्यूनीकरण गर्न स्वयंसेवकहरुको आवश्यक क्षमता अभिबृद्धि र संस्थागत विकास गर्दै महानगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमतालाई मजबुत बनाउनका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा २७ बमोजिम यो निर्देशिका जारी गरिएको छ ।

## १. प्रारम्भिक

**१. संक्षिप्तनाम र प्रारम्भः** (क) यो निर्देशिकाको नाम "महानगर विपद् व्यवस्थापन स्वयंसेवक ब्युरो गठन तथा परिचालन निर्देशिका, २०८०" रहेकोछ ।

(ख) यो निर्देशिका तुरून्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** (क) विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:

(क) “महानगरकार्यपालिका” भन्नाले ललितपुर महानगरपालिकाको महानगरकार्यपालिकालाई भन्ने सम्झनुपर्छ ।

(ख) “ऐन” भन्नाले ललितपुर महानगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ सम्झनुपर्छ ।

(ग) “नगर” भन्नाले ललितपुर महानगरपालिकालाई सम्झनुपर्छ ।

(घ) “नगरसभा” भन्नाले ललितपुर महानगरपालिकाको नगरसभालाई सम्झनुपर्छ ।

(ङ) ‘‘वडा” भन्नाले नगरका वडा समितिलाई सम्झनुपर्दछ ।

(च) “स्वयंसेवक” भन्नाले पालिकाको नगर, वडास्तरमा गठन भएका विपद् पूर्वतयारी, प्रतिकार्यका लागि प्राथमिक उपचार, आधारभुत खोज तथा उद्धार, अग्नि नियन्त्रण, विपद् पश्चात लेखा जोखा तथा अन्य विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धि कार्यमा लाभको आशा नगरि स्वेच्छाले खटिने जनशक्ति सम्झनुपर्छ।

(छ) “नियम“ भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७५ सम्झनुपर्छ ।

(ज) “निर्देशिका“ भन्नाले विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन स्वयंसेवक ब्युरो गठन तथा परिचालन निर्देशिका, २०८० सम्झनुपर्छ ।

(झ) “सूचीकरण“ भन्नाले यस निर्देशिका बमोजिम स्वयंसेवक व्यक्ति वा स्वयंसेवक सञ्चालन गर्ने संघ, संस्था र तालिम प्राप्त जनशक्तिहरुलाई महानगर विपद् तथ्याङ्क तथा सूचना प्रणालीमा प्रविष्ट गर्ने प्रकृया र परिणामलाई सम्झनुपर्छ ।

**३. स्वयंसेवक परिचालन र स्वयं सेवक ब्युरोका मार्गदर्शक सिद्धान्तः**

(१) यस निर्देशिका बमोजिम गठित स्वयं सेवक ब्युरोले कार्यसम्पादन गर्दा देहायका मार्गदर्शक सिद्धान्तको अवलम्बन गर्नुपर्नेछ ।

(क) मानवता

(ख) बहु-सरोकारवालाको सहभागिता

(ग) महानगरपालिका, वडा, स्थानीय सुरक्षा निकाय तथा स्थानीय समुदायसँग सहकार्य

(घ) समावेशीता

(ङ) ऐक्यबद्धता

(च) निष्पक्षता

(छ) तटस्थता

(ज) इमान्दारिता तथा निष्ठा

२. उपदफा३ (१) मा उल्लेखित मार्गदर्शक सिद्धान्त स्वयं सेवकब्युरो, स्वयंसेवाका लागि खटिने स्वयंसेवक तथा सामुदायिक विपद् प्रतिकार्य टोलीहरुले यो निर्देशिकाको उद्देश्य बमोजिम कार्य सम्पादन गर्दा पालना गर्नु पर्नेछ ।

३. उपदफा ३ (१) मा उल्लेखित मार्गदर्शक सिद्धान्तहरुलाई स्वयंसेवक सङ्गठित र परिचालन गर्ने संघ संस्था वा निकायले पालना गर्नु पर्ने अनुशासन, मापदण्ड तथा आचार संहितामा समेत उल्लेख गरी कार्यान्वयन गर्नु पर्नेछ ।

४. उपदफा (३) बमोजिम अनुशासन तथा आचार संहिता तयार गर्दा अन्तर्राष्ट्रिय मानवीय कानुन र मूल्य मान्यता, प्रचलित कानुन, स्थानीय समुदायका सँस्कार, लैङ्गिक समता, फरक क्षमता भएका व्यक्तिहरूको आधारभुत अधिकार र मानव अधिकारको रक्षाका बिषयलाई समेत ध्यान दिनु पर्नेछ ।

## ४. उद्देश्यः

## प्राकृतिक र गैरप्राकृतिक विपद्को जोखिम न्यूनिकरण गर्ने

### ४.१ मुख्य उद्देश्य :

यस निर्देशिकाको मुख्य उद्देश्य प्राकृतिक र गैरप्राकृतिक विपद्को जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा राहत वितरण तथा व्यवस्थापनका लागि स्वयंसेवकहरुको व्यवस्थित, मर्यादित तथा संस्थागत विकास र परिचालन गरी महानगरपालिकाको विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रति कार्यक्षमता संस्थागत एवं सुदृढ गर्नु हो ।

### ४.२ विशिष्ट उद्धेश्यहरु :

यस निर्देशिकाका अन्य उद्देश्यहरु द्येहाय बमोजिम रहेका छन्:

(क) विपद् व्यवस्थापनका विभिन्न विषय क्षेत्रमा स्वयंसेवकहरुको उत्पादन, गठन तथा विकास गर्नु,

(ख) स्वयंसेवकहरूलाई सङ्गठित गर्नु, उनीहरूको ज्ञान, सिप, दक्षता, अनुशासन र क्रियाशीलता बढाउनु,

(ग) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा स्वयंसेवाको संस्थागत विकास र परिचालनका लागि नगरपालिका, वडा तथा समुदाय स्तरमा विपद्

जोखिम न्यूनीकरण तथा व्यवस्थापनको संस्थागत संरचनाको व्यवस्ठह तर्गु,

(घ) स्वयंसेवक संगठित तथा परिचालन गर्ने संघ संस्था वा निकायका प्रयासलाई एकिकृत, व्यवस्थित र सुदृढ गर्नु,

(ङ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा परिचालन हुने स्वयंसेवकहरु बीच आपसी सहयोग, समझदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउनु,

(ङ) विपद् प्रतिकार्यमा परिचालन हुने विभिन्न संघ संस्थाहरुका स्वयंसेवकहरूको परिचालन र व्यवस्थापनमा सहजीकरण गर्नु ।

**५. महानगरस्तरिय स्वयंसेवक ब्युरोको गठन र सञ्चालन सम्बन्धी व्यवस्थाः**

(१) महानगरपालिकामा महानगर विपद् व्यवस्थापन समितिका अध्यक्ष वा अध्यक्षले तोकेको सदस्यको संयोजकत्वमा आवश्यक संख्यामा नगर स्वयंसेवक ब्युरो गठन गरिनेछ । उक्त ब्युरोमा देहायका निकाय वा संस्थाका प्रमुख वा प्रतिनिधि सदस्य रहन सक्नेछन् ।

(क) महानगरपालिकाको विपद् व्यवस्थापन समितिका अध्यक्ष वा अध्यक्षले तोकेको कार्यपालिका सदस्यः संयोजक

(ख) वडा विपद् व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट स्थानीय विपद् व्यवस्थापन समितले मनोनयन गरेका २ (दुई) जना सदस्य

(ग) प्रमुख वा प्रतिनिधि, महानगरीय प्रहरी वित्त महानगर हेर्ने : सदस्य

घ) प्रमुख वा प्रतिनिधि, शसस्त्र प्रहरी वल महानगर हेर्ने : सदस्य

(घ) प्रमुख वा प्रतिनिधि, नेपाल रेडक्रस सोसाईटीः सदस्य

(ङ) प्रमुख वा प्रतिनिधि, महानगर आपतकालिन कार्यसंचालन केन्द्रः सदस्य

(च) प्रमुख वा प्रतिनिधि, महानगरपालिकाको बारुणयन्त्र : सदस्य

(ज) प्रमुख वा प्रतिनिधि, नगर प्रहरी बल : सदस्य

(झ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा क्रियाशील ललितपुर महानगरपालिका अर्न्तगतका संघ संस्था वा निकायका प्रमुख वा प्रतिनिधि एवं उद्योग तथा वाणिज्य क्षेत्रमा क्रियाशिल निजी क्षेत्रका छाता संगठनहरुका प्रमुख वा प्रतिनिधिहरु मध्ये महानगरपालिका स्वयंसेवक ब्युरो संयोजकले मनोनयन गरेका

कम्तीमा १ (एक) जना महिला सहित ३ (तीन) जनाः सदस्य

(ज) महानगरपालिकाको आपत्तकालिन कार्यसञ्चालन केन्द्रको प्रमुखः सदस्य सचिव ।

२. उपदफा ५ (१) को खण्ड (झ) बमोजिम मनोनित सदस्यको पदावधि सामान्यतया २ (दुई) वर्षको हुनेछ । तर ती सदस्यलाई पुनःनियुक्ति गर्न वाञ्छनीय छ भन्ने महानगरपालिका स्वयंसेवक ब्युरोलाई लागेमा अर्को एक कार्यकालको लागि पुनःमनोनित गर्न बाधा पर्ने छैन ।

३. उपदफा ५ (१) बमोजिम ब्युरोको गठन नभएको अवस्थामा स्थानीय विपद् व्यवस्थापन समितिले ब्युरोको काम, कर्तव्य र अधिकार प्रयोग गर्न गराउन सक्नेछ ।

**६. महानगर स्वयंसेवक ब्युरोको बैठक सम्बन्धी व्यवस्था :**

(१) महानगर स्वयंसेवक ब्युरोको बैठक संयोजकको अध्यक्षतामा सामान्यतया वर्षको कम्तीमा छ पटक बस्न सक्नेछ । विपद्को समयमा यस व्युरोको वैठक आवश्यकता अनुसार नियमित रुपमा वस्नु पर्दछ । तर बैठक बस्न आवश्यक भएमा संयोजकले जुनसुकै समयमा पनि बैठक बोलाउन सक्नेछ ।

(२) बैठक सञ्चालनको कार्यविधि महानगर स्वयंसेवक ब्युरो आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) बैठकको निर्णय सामान्यतया सर्वसम्मत वा बहुमतको आधारमा गरिनेछ । यदि बहुमतको आधारमा निर्णय हुन नसकी मत बराबर भएमा संयोजकको मत निर्णायक हुनेछ ।

**७. महानगर स्वयंसेवक ब्युरोको काम, कर्तव्य र अधिकारः**

**महानगर स्वयंसेवक ब्युरोको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) स्वयंसेवक परिचालन तथा व्यवस्थापन सम्बन्धमा नगरस्तरिय निर्देशिका, मापदण्ड, आचार संहिता र कार्ययोजना तर्जुमा गरी कार्यपालिकाबाट स्वीकृत भएपछि कार्यान्वयन हुनेछ । तर यस्तो निर्देशिका, मापदण्ड, आचारसंहिता र कार्ययोजना राष्ट्रिय स्वयंसेवक ब्युरो र प्रदेश स्वयंसेवक ब्युरोले लागु गरेको प्रतिकूल हुने गरी तर्जुमा गर्न पाईने छैन ।

(ख) महानगर स्वयंसेवक संघ सस्था तथा समुहको गठन, क्षमता विकास, परिचालन र व्यवस्थापनमा आवश्यक सहयोग, समन्वय र सहकार्य गर्ने ।

(ग) महानगरपालिका स्तरमा क्रियाशील स्वयंसेवी संघ संस्था, समुह र स्वयंसेवकको अभिलेख राख्ने वा राख्न लगाउने ।

(घ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा खटिने स्वयंसेवी संघ संस्था समुहवा स्वयंसेवकलाई तोकिएको निर्देशिका, मापदण्ड र आचार संहिता पालना गर्न लगाउने ।

(ङ) महानगरपालिकामा क्रियाशील विभिन्न स्वयंसेवी संघ संस्था, समुह र स्वयंसेवक बीच आपसी सहयोग, सहकार्य र समन्वयको भूमिका निर्वाह गर्ने ।

(च) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा स्वयंसेवकको परिचालन तथा व्यवस्थापन सम्बन्धी अन्य आवश्यक काम गर्ने ।

छ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा स्वयंसेवकहरुको लागि  तालिम विषयवस्तु, पाठ योजना तयार गर्ने ।

ज) आवश्यकता अनुसार केन्द्रीय र जिल्ला स्तरमा महानगर स्वयंसेवक व्युरोसंग समन्वय गर्ने ।

**८. महानगर ब्युरोको सचिवालय सम्बन्धी व्यवस्थाः**

(१) महानगर स्वयंसेवक ब्युरोको सचिवालय महानगर आपत्कालिन कार्य संचानल केन्द्रको मा रहनेछ ।

(२) महानगर स्वयंसेवक ब्युरोमा काम गर्ने जनशक्ति र साधन स्रोतको व्यवस्था सम्बन्धित महानगरपालिकाले गर्नेछ ।

(३) महानगर स्वयंसेवक ब्युरोले आफ्ना कार्यक्रमहरू सञ्चालन गर्दा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्रमा महानगरपालिका तहमा क्रियाशील संघ संस्था र निकायहरूसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गर्न सक्नेछ ।

## ९. वडा स्वयंसेवक व्युरो समिति गठन सम्वन्धी व्यवस्था :

(१) वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्यको संयोजकत्वमा टोल विकास संस्था, स्थानीय रेडक्रसको उपशाखा, वडामा रहेका स्वयंसेवी संस्थाहरु, स्थानीय स्काउट, महिला समूह, स्थानीय क्लबका प्रतिनिधिहरु, स्थानीय शिक्षक, रेडक्रस, अवकास प्राप्त प्रहरी तथा सेनाका प्रतिनिधिहरु, संकटा सन्न समुदायको प्रतिनिधि, तालिम प्राप्त दक्ष जनशक्ति र अन्य समाजिक अभियान्ताहरु मध्येबाट विपद् पूर्वतयारी, प्रतिकार्य र पुर्नलाभसम्मका लागि सहयोग गर्ने गरि वडा स्तरीय स्वयंसेवक व्युरो गठन गठन गरिनेछ ।

(२) वडा स्तरीय स्वयंसेवक व्युरो गठन गरि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी ज्ञान, सिप सम्बन्धी तालिमका साथै विपद्को समयमा बढी जोखिममा हुने महिला, बालबालिका, जेष्ठ नागरिक , शारीरिक रुपमा कमजोर र अशक्तहरुलाई समेत ध्यान दिनु पर्ने  प्राथमिकता सम्बन्धमा समेत प्रशिक्षण दिइनेछ ।

(३) वडा स्तरीय स्वयंसेवक व्युरो बैठक सामान्यतया वर्षको कम्तीमा छ पटक बस्न सक्नेछ । तर, आवश्यकता अनुसार जुन सुकै समयमा पनि बैठक बस्न सक्नेछ ।

(४) संयोजकको अनुपस्थितिमा उपस्थित सदस्यहरू मध्ये ज्येष्ठ सदस्यको अध्यक्षतामा बैठक बस्न सक्नेछ।

(६) बैठक सञ्चालनको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) बैठकको निर्णय सामान्यतया सर्वसम्मत वा बहुमतको आधारमा गरिनेछ । यदि बहुमतले निर्णय हुन नसकी मत बराबर भएमा संयोजकको मत निर्णायक हुनेछ ।

(८) वडास्तरीय स्वयंसेवक व्युरो अन्य भूमिका, जिम्मेवारी तथा उत्तरदायीत्व सम्बन्धित महानगर स्वयंसेवक ब्युरोले तोके बमोजिम हुनेछ ।

महानगरपालिका र वडा स्तरीय स्वयंसेवक व्युरोको समन्वयमा आवश्यकता अनुसार समुदायमा समुदायस्त स्वयंसेवक व्युरो गठन गर्न सकिन्छ । उक्त व्युरोमा टोल समुदायका समाजसेवी टोल विकास संस्था, स्थानीय स्काउट, महिला समूह, स्थानीय क्लबका प्रतिनिधिहरु, स्थानीय शिक्षक, रेडक्रस, अवकास प्राप्त प्रहरी तथा सेनाका प्रतिनिधिहरु र सामाजिक क्लवका प्रतिनिधिहरु र अन्य समाजिक अभियान्ताहरु मध्येबाट छनोट भएका व्यक्तिको संयोजकत्वमा स्वयंसेवक समूहको गठन गर्न सकिनेछ ।

स्वयंसेवक समूहलाई स्वयंसेवाको विषय क्षेत्र, कामको प्रकृति र विपद् प्रभावको स्तर अनुसार दफा ११ बमोजिम विभिन्न विषय क्षेत्रमा वर्गीकरण गरिनेछ ।

**११. स्वयंसेवक सम्बन्धी व्यवस्थाः**

१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा स्वयंसेवाका विषय क्षेत्र निर्धारण गरिनेछ । विभिन्न प्रकारका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक पर्ने ज्ञान, सिप र क्षमता अनुसार सामान्य सेवा, विशेष दक्ष सेवा, विशिष्ट सेवा आदिमा वर्गिकरण गरी स्वयंसेवक परिचालन गर्न सकिनेछ ।

(क) विभिन्न विपद् जोखिम सम्बन्धी सचेतना तथा पूर्व सूचना सम्बन्धी विषय,

(ख) विपद्मा परेका व्यक्तिहरुको खोज तथा उद्धार सम्बन्धीविषय,

(ग) प्राथमिकउपचार तथाआधारभूत स्वास्थ्यउपचार सम्बन्धी विषय,

(घ) बाढी, पहिरो, नदि कटान, आगलागी, वन डढेलो, चट्याङ, सडक दुर्घटना, हवाई दुर्घटना लगायतका विपद्मा खोज, उद्धार गर्न आवश्यक विषय,

(ङ) विपद्बाट भएको क्षतिको द्रुत मूल्याङ्कन र विपद् प्रभावितहरूका लागि जीवन यापनका लागि आवश्यक पर्ने सहायताको लेखाजोखा सम्बन्धी विषय,

(च) सामाजिक सुरक्षा तथा मनोसामाजिक परामर्श सम्बन्धी विषय,

(छ) खाद्य लगायतका राहत सामाग्रीको वितरण तथा व्यवस्थापन सम्बन्धी विषय,

(ज) अस्थायी आश्रय स्थल, क्याम्प वा क्वारेन्टाइन व्यवस्थापन सम्बन्धी विषय,

(झ) महिला, बालबालिका, जेष्ठ नागरिक, शारिरीक असक्त व्यक्तिहरुको संरक्षण र संवर्द्धन सम्बन्धी विषय,

(ञ) महानगस्तरीय स्वयंसेवक ब्युरोले तोकेका अन्य विषयहरु ।

(२) उपदफा ११ (१) बमोजिमका विभिन्न विषय क्षेत्रमा परिचाल नहुने र नेपालको प्रचलित कानुन बमोजिम स्थापना भई सञ्चालनमा रहेको कुनै संघ संस्था वा निकायमा आवद्ध भएको वा आफू बसोबास रहेको समुदायस्तरको विपद् व्यवस्थापन समितिमा सङ्गठित भएको हुनु पर्नेछ ।

(३) उपदफा ११ (१) बमोजिमका स्वयंसेवकहरुको परिचालन तथा व्यवस्थापन सम्बन्धमा यो निर्देशिका अधिनमा रही नगर स्वयंसेवक ब्युरोले आवश्यक अन्य निर्देशिका, मापदण्ड र आचार संहिता तर्जुमा गरी लागु गर्न सक्नेछ।

**१३. स्वयंसेवकको योग्यताः**

(१) विभिन्न विषय क्षेत्रमा सेङ्गटह तर्गे स्वयंसेवकको न्यूनतम योग्यता र अनुभव महानगर स्वयंसेवक ब्युरोले निर्धारण गरे बमोजिम हुनेछ । साथै नगर स्वयंसेवक ब्युरोले स्वयंसेवकको कार्यक्षेत्र र विषयक्षेत्र अनुसारको अनुभव, योग्यता ज्ञान, सिप, क्षमता र स्तर निर्धारण र प्रमाणित गर्न आवश्यक मापदण्ड निर्धारण गरी लागु गर्नेछ।

(२) महानगर स्वयंसेवक ब्युरोले जिल्ला र प्रदेश स्वयंसेवक ब्युरो र सम्बन्धित सरोकारवालाहरूसँग समेत आवश्यक समन्वय गरी बिभिन्न विषय क्षेत्रका स्वयंसेवकको अनुभव,योग्यता, ज्ञान,सिप, क्षमता र स्तर निर्धारण,परिक्षण र परिचालन गर्न आवश्यक कार्यशर्त, आचार संहिता आदि तर्जुमा गरी कार्यान्वयन गर्न गराउन सक्नेछ।

**१४. स्वयंसेवक सङ्गठित हुनुपर्नेः**

(१) विपद् जोखिमन्यूनीकरण तथा व्यवस्थापनका विभिन्न क्षेत्रमा स्वयंसेवकको रुपमा काम गर्न वा परिचालन

हुन ईच्छुक व्यक्तिले अनुमती प्राप्त संघ, संस्था वा निकायमा सङ्गठित भएको हुनु पर्नेछ । तर प्रचलित कानून बमोजिम स्थापना भएका सामाजिक संघ संस्था वा सरकारी निकायमा सेवा गरी कम्तिमा पाँच वर्षको अनुभव प्राप्त गरेका व्यक्तले महानगर स्वयंसेवक ब्युरोले जारी गरेको निर्देशिका र आचार संहिता पालना गर्ने गरी स्वयंसेवकको रुपमा परिचाल नहुन सक्नेछन ।

(२) कुनै व्यक्ति विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा स्वयंसेवकको रुपमा परिचालन हुँदा निज आफु सङ्गठित संस्थाको प्रतिनिधित्व गरी परिचालित हुनेछ ।

(३) उपदफा १४ (२) बमोजिम परिचालन हुने स्वयंसेवकले आफु सङ्गठित भएको संस्थाको नियमानुसारको सेवा सुविधा पाउनेछ ।

**१४. स्वयंसेवकको काम, कर्तव्यः**

स्वयंसेवकको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ ।

(क) यस निर्देशिका र यस अर्न्तज्ञठह तगेको स्वयंसेवक मापदण्ड र आचारसंहिताको पालना गर्ने ।

(ख) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा परिचालन हुँदा महानगर स्वयंसेवक ब्युरोले तोकेको कार्यशर्त बमोजिम कार्य सम्पादन गर्ने ।

(ग) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा परिचालन हुँदा प्राप्त शक्ति, स्रोत र अधिकारको जिम्मेवार र जवाफदेही भई पारदर्शी र प्रभावकारी रुपमा उपयोग गर्ने ।

**१५. स्वयंसेवकको आचार संहिताः**

(१) प्रत्येक स्वयंसेवकले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा परिचालन हुँदाका बखत वा व्यक्तिगत जीवनको अवस्थामा समेत असल आचरण प्रस्तुत गर्नुका साथै  तोकिएको आचार संहिता पालन गर्नु पर्नेछ ।

(२) स्वयंसेवकले पालना गर्नुपर्ने आचार संहिता महानगर स्वयंसेवक ब्युरोले तयार गरी महानगर कार्यपालिकाको बैठकबाट स्वीकृत गराई लागु गर्नेछ । तर राष्ट्रिय स्वयंसेवक ब्युरोले जारी गरेको उक्त आचार संहिताको प्रतिकूल हुने गरी परिमार्जन गर्न गरिने छैन ।

(३) उपदफा १५ (२) बमोजिमको आचार संहितामा महानगर ब्युरोले  आफ्नो परिवेश अनुसार परिमार्जन गरी लागु गर्न सक्नेछन् ।

**१६. स्वयंसेवकको कार्यकाल सम्बन्धी व्यवस्थाः**

(१) कामको प्रकृति अनुसार स्वयंसेवकको कार्यकाल सम्बन्धित ब्युरोले तोके बमोजिम हुनेछ । मनासिव

कारण विना कुनै पनि स्वयंसेवकलाई तोकिएको समयावधि अगावै स्वयंसेज्ञढह तर्गबाट वञ्चित गरिने छैन ।

(२) महानगर स्वयंसेवक ब्युरोले विपद्को प्रकृति, विपद् जोखिमको अवस्था र जटिलता अनुसार स्वयंसेवकको उमेर हद निर्धारण गर्नेछ ।

**१७. स्वयंसेवकको क्षमता विकास सम्बन्धी व्यवस्था :**(१) स्वयंसेवकको क्षमता विकासका लागि महानगर स्वयंसेवक ब्युरोले देहाय बमोजिमका कार्यहरु गर्नुपर्नेछ :

(क) स्वयंसेवक आवद्ध विषय क्षेत्रसँग सम्बन्धित शिक्षा, तालिम, प्रशिक्षण र अभ्यास प्रदान गर्ने ।

(ख) स्वयंसेवकलाई तोकिएको कार्यसम्पादनका लागि आवश्यक मेशिन, औजार, उपकरण र अन्य सामग्रीहरु उपलब्ध गराउने ।

(ग) बिभिन्न प्रकोपबाट हुने सम्भावित विपद् परिदृष्यमा आधारित कृत्रिम घटना अभ्यास गराउने ।

(घ) स्वयंसेवकको क्षमता विकास सम्बन्धी अन्य काम गर्ने, गराउने ।

(३) महानगर ब्युरोले अनुरोध गरेमा प्राधिकरणले स्वयंसेवकको क्षमता विकास कार्यमा आवश्यक सहयोग गर्नु पर्नेछ ।

(४) महानगर ब्युरोले अनुरोध गरेमा प्रदेश स्वयंसेवक ब्युरोले स्वयंसेवक समूहको क्षमता विकास कार्यमा आवश्यक सहयोग गर्नु पर्नेछ ।

(५) महानगर स्वयंसेवक ब्युरोले स्वयंसेवकको क्षमता विकासका लागि आवश्यक कार्य योजना बनाई कार्यान्वयन गर्नु, गराउनु पर्नेछ ।

(९) महानगर स्वयंसेवक ब्युरोले स्वयंसेवकको क्षमता विकास गर्न प्रचलित कानुन बमोजिम सम्बन्धित संघ संस्था वा निकायसँग साझेदारी र सहकार्य गर्न सक्नेछन् ।

१०) स्वयंसेवक ब्युरोको क्षमता अभिबृद्धिका लागि स्थानिय आगलागि नियन्त्रक, प्रहरि र आर्मिहरुको निकटम समन्वयमा गराउनु पर्नेछ ।

**१८. स्वयंसेवकको विमा र स्वास्थ्य उपचार सम्बन्धी व्यवस्थाः** (१) स्वयंसेवक सङ्गठित र परिचालन गर्ने संघ, संस्था वा निकायले आफुसँग सङ्गठित स्वयंसेवकको आवश्यक औषधोपचार र प्रचलित नियमबमोजिम दुर्घटना विमा गर्नु, गराउनु पर्नेछ ।

(२) स्वयंसेवक सङ्गठित र परिचालन गर्ने संघ, संस्था वा निकाय सूचीकृत गर्दा वाती संघ संस्था वा निकायको विवरण अद्यावधिक गर्दा वा दर्ता नवीकरण गर्दा सम्बन्धित संस्थाले स्वयंसेवकको औषधि उपचार र दुर्घटना विमा सम्बन्धी व्यवस्था भए नभएको सुनिश्चित गर्नु पर्नेछ ।

(३) कुनै स्वयंसेवकको सम्बन्धित संघ संस्था वा निकायले औषधि उपचार र दुर्घटना विमा सम्बन्धी व्यवस्था गरेको नपाईएमा महानगर स्वयंसेवक ब्युरोले औषधि उपचार र दुर्घटना विमा सम्बन्धी व्यवस्था गर्नु गराउनु पर्नेछ ।

**१९. स्वयंसेवक सेवामुक्त सम्बन्धी व्यवस्था** :(१) कुनै स्वयंसेवकले तोकिएको आचार संहिताको पालना नगरेमा वातोकिएको जिम्मेवारी पुरा गरेको नदेखिएमा महानगर ब्युरोले उक्त स्वयंसेवकलाई स्वयंसेद्ध्ज्ञह तर्गबाट हटाउन सम्बन्धित संघ संस्था वा निकायलाई निर्देशन दिनेछ । सम्बन्धित संघ संस्था वा निकायले सो निर्देशनको तत्काल पालना गर्नु पर्नेछ ।

(२) उपदफा १९ (१) बमोजिम दिएको निर्देशन सम्बन्धी जानकारी महानगर ब्युरोले सोको जानकारी केन्द्रीय स्वयंसेवक व्युरो, जिल्ला विपद् व्युरोमा दिनु पर्नेछ । यसै गरी महानगर ब्युरोले पनि आफुले दिएको निर्देशन सम्बन्धी जानकारी वडा तथा समुदायका

स्वयंसेवक व्युरो र सरोकारवाला संघ संस्थालाई दिनु पर्नेछ ।

(३) महानगरस्तरीय स्थानीय विपद् व्यवस्थापन समिति, महानगरपालिका आपत्तकालिन कार्यसञ्चालन केन्द्रले नियमित रुपमा स्वयंसेवक परिचालनको निरीषण र अनुगमन गर्नेछ। निरीषण र अनुगमन क्रममा कुनै स्वयंसेवकलाई स्वयंसेवाबाट हटाउन पर्ने देखिएमा तुरन्त हटाउन सम्बन्धित ब्युरोलाई निर्देशन दिन सक्नेछ ।

(४) कुनै स्वयंसेवकले कुनै कसुर गरेको देखिएमा कसुरको गाम्भीर्यता हेरी प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

२०. **स्वयंसेवाको कदर तथा सम्मान**: (१) स्वयंसेवकको कार्यसम्पादन मूल्याङ्कनको आधारमा महानगर ब्युरोले नगद पुरस्कारका साथै प्रोत्साहन वा कदर गर्न सक्नेछ । यस सम्बन्धी विधि र मापदण्ड महानगर ब्युरोले निर्धारण गरे बमोजिम हुनेछ ।

## २१. महानगरपालिकाको भूमिका :

(१) महानगरपालिकाको भूमिका देहाय बमोजिम हुनेछ :

(क) महानगरस्तरीय स्वयंसेवक ब्युरोका साथै वडा तथा समुदाय तहमा स्वयंसेवक व्युरो र सञ्चालन गर्न सहयोग गर्ने ।

(ख) महानगरपालिका विपद् व्यवस्थापन समिति वा ब्युरोले पेश गरेको स्वयंसेवक विकास तथा परिचालन योजना, क्षमता अभिबृद्धि तालिम विषयवस्तुहरु नगरकार्यपालिकाबाट स्वीकृत गरी लागु गर्ने, गराउने ।

(ग) महानगरपालिका अन्तरगत विपद् पूर्वतयारी र विपद् प्रति कार्यमा स्वयंसेवकको प्रबन्ध र प्रभावकारी परिचालन गर्न स्वयंसेवक सङ्गठित र परिचालन गर्ने संघ संस्था वा निकायसँग समन्वय र सहकार्य गर्न महानगर स्वयंसेवक ब्युरोलाई सहयोग गर्ने ।

(घ) स्वयंसेवक विकास र परिचालनका लागि उपलब्ध स्थानीय स्रोत परिचालन गर्नुका साथै प्रदेश सरकार र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन प्राधिकरणसँग समन्वय गरी अन्य आवश्यक स्रोत साधन जुटाउन महानगरपालिका ब्युरोलाई सहयोग गर्ने ।

(ङ) स्वयंसेवक विकास र परिचालनका लागि रेडक्रस, राजनैतिक दलहरू, अन्य सामाजिक संघ, संस्था वा निकायहरूसँग सहकार्य र समन्वय गर्न महानगर स्वयंसेवक ब्युरोलाई सहयोग गर्ने ।

(च) महानगर स्वयंसेवक ब्युरो, वडा स्वयंसेवक परिचालन समिति र सामुदायिक स्वयंसेवक समूहहरूले गरेका कार्यको अनुगमन, मूल्याङ्कन गर्ने गराउने ।

**२२. सुरक्षा निकायको भूमिकाः**

(१) सुरक्षा निकायको भूमिका देहाय बमोजिम हुनेछ :

(क) महानगर स्वयंसेवक ब्युरोले, महानगर, वडा तथा समुदायमा रहेका स्वयंसेवकको क्षमता विकासका लागि माग बमोजिम आवश्यक तालिम तथा अभ्यास प्रदान कार्यमा सहयोग गर्ने ।

(ख) विपद् पूर्वतयारी अभ्यास र विपद् प्रतिकार्य सम्बन्धी क्रियाकलापहरुमा सम्बन्धित स्वयंसेवक ब्युरो र स्वयंसेवक समूह बीच समन्वय र सहकार्य गर्ने ।

(ग) स्वयंसेवक परिचालन आचार संहिता र अनुशासनको पालना गर्न, गराउन सहयोग गर्ने ।

**२३. विषयगत सरकारी निकायको वा कार्यालयहरूको भूमिका :**

(१) महानगरपालिकाका विषयगत शाखा, आफ्नो विषय क्षेत्रसँग सम्बन्धित स्वयंसेवक उत्पादन गर्ने, क्षमता विकास गर्ने र प्रभावकारी परिचालन गर्ने सम्बन्धमा महानगर स्वयंसेवक ब्युरोलाई सहयोग र समन्वय गर्ने ।

**२४. गैरसरकारी संघ संस्था, राजनीतिक दल र निजी प्रतिष्ठानहरूको भूमिका :** (१) गैरसरकारी संघ संस्था, राजनितिक दल र निजी प्रतिष्ठानहरुको भूमिका देहाय बमोजिम हुनेछ :

(क) विपद् पूर्वतयारी तथा विपद् प्रतिकार्यको समयमा महानगर स्वयंसेवक ब्युरो र सुरक्षा निकायहरु बीच सहयोग, समन्वय र सहकार्य गरी जनधनको रद्दछह तगर्ने ।

(ख) तोकिएको निर्देशिका, मापदण्ड र आचार संहिता अर्न्तगत रही आफ्नो विषय क्षेत्र अनुरुपका स्वयंसेवक सङ्गठित गर्न, सूचीकरण गर्न, क्षमता विकास गर्न र परिचालन गर्न महानगरपालिका स्वयंसेवक ब्युरोसँग आवश्यक समन्वय र सहकार्य गर्ने ।

**२५. बजेट तथा आर्थिक व्यवस्था :**

(१) विभिन्न विषय क्षेत्रमा स्वयंसेवक सङ्गठित गर्न, क्षमता विकास गर्न र परिचालन गर्न आवश्यक बजेट तथा आर्थिक व्यवस्थापन देहायबमोजिम हुनेछ :

(क) महानगरपालिका भित्र विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापनका लागि खटिएका स्वयंसेवकहरुका लागि महानगरपालिकाले आवश्यक बजेटको व्यवस्था गर्नु पर्नेछ ।

(ख) सरकारी, गैरसरकारी संघ, संस्था वा निजी क्षेत्रबाट खटिएका स्वयंसेवकको मानवोचित आवश्यक खर्च, औषधि उपचार व्यवस्था र विमाको प्रवन्ध स्वयंसेवक सङ्गठित र परिचालन गर्ने संघ, संस्था वा निकायले गर्नु पर्नेछ ।

(ग) स्वयंसेवक सङ्गठित गर्ने संघ, संस्था वा निकायले आफुसँग संगठित वा आवद्ध नै स्वयंसेवकलाई निजले गर्ने कामको प्रकृति, विषयक्षेत्र र कार्यबोझ अनुसार स्वयंसेवामा खट्दा आवश्यक पर्ने न्यूनतम बन्दोबस्तीका सामग्री, पोशाक, ब्यक्तिगत सुरक्षा र आधारभुत आवश्यकता सम्बोधन गर्ने सेवा सुविधा उपलब्ध गराउनु पर्नेछ ।

(२) महानगरपालिकाले आवश्यकता अनुसार स्वयंसेवक परिचालन गर्न बजेट विनियोजन गर्ने, खर्चको फाँटवारी राख्ने र आर्थिक कारोवारको लेखापालन र लेखा परीषण गराउने साथै समय समयमा खर्चको विवरण सार्वजनिक गर्ने गर्नु पर्नेछ ।

(३) गैरसरकारी संघ, संस्था वा निकाय र निजी प्रतिष्ठान लगायत मानवीय सहायतामा क्रियाशील जुनसुकै सङ्गठन मार्फत परिचाल नहुने स्वयंसेवक परिचालन खर्चको लेखा परीषण प्रचलित कानुन बमोजिम हुनेछ ।

**२६. निर्देशिका कार्यान्वयनः** (१) महानगर, वडा तथा समुदायमा रहेका स्वयंसेवकहरु तथा स्वयंसेवकको परिचालन गर्ने संस्थाहरुले यस निर्देशिकाको कार्यान्वयन गर्न सहयोग गर्ने छन् ।

**२७. पुनरावलोकन र अद्यावधिक सम्बन्धी व्यवस्थाः** (१) महानगरपालिकाले आवश्यकता अनुसार यो निर्देशिका अद्यावधिक र परिमार्जन गर्नेछ ।

**२८. अनुगमन तथा मूल्याङ्कन**

महानगर भित्र ब्युरोले विपद जोखिम र न्यूनीकरण तथा व्यवस्थापनका लागि गरिएका कामको उपलब्धी लगायतको अनुमगन मुल्याङ्कनको जिम्मेवारी ब्युरोका संयोजक तथा प्रमुख एवं महानगरस्तरीय स्थानीय विपद् व्यवस्थापन समितिबाट हुनेछ ।

**२९. अभिलेख तथा प्रतिवेदन**

स्वयंसेबक ब्युरोको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा गरेको कार्यहरुको चुस्त अभिलेख राखी बार्षिक कार्य सम्पन्न प्रतिवेदन महानगरपालिका स्तरीय आपत्तकालिन कार्यसञ्चालन केन्द्रबाट विपद् व्यवस्थापन महाशाखा हुदै महानगरपालिकाका प्रमुख मार्फत महानगर विपद् व्यवस्थापन समिति र महानगर कार्यपालिकाको बैठकमा पेस गर्नु पर्ने छ । साथै उक्त प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समितिमा पनि प्रतिवेदन पेश गर्न सक्नेछ ।

**३०. वाधा, अड्काउ फुकाउने सम्बन्धमा**: यो निर्देशिका कार्यान्वयन गर्दा कुनै द्विविधा वा बाधा आइपरेमा महानगरपालिकाले बाधा अड्काउ फुकाउने वा द्विविधाको निवारण गर्नेछ ।

## अनुसूची - १

स्वयंसेवक र स्वयंसेवक समूहको कार्य विवरण

## स्वयंसेवकहरुको कार्य विवरण :

- महानगरपालिका स्तरीय आपत्तकालिनका कार्यसञ्चालन केन्द्रले दिएको कार्य विवरण अनुसार जिम्मेवारी प्रति प्रतिबद्ध हुनु पर्ने,
- महानगरपालिका स्तरीय आपत्तकालिनका कार्यसञ्चालन केन्दका निति, नियम योजना, कार्यविधि र स्वयंसेवकको आचारसंहिता स्वीकार गर्नुपर्ने,
- विपद् व्यस्थापन, स्वास्थ्य सरसफाइ, अस्थायी आवास, सरक्षण, खानेपानी सरसफाईका विपय अनुसारको कार्यक्षेत्रमा तल्लिन हुने ।
- आफ्नो दक्षता अभिवृद्धिका लागि प्रयत्नशील हुनु पर्ने,
- आफूले दिएको सेवाको अभिलेख आफूले राख्ने र संस्थालाई पनि समयमा उपलब्ध गराउनु पर्ने,
- सेवा ग्राहीको विश्वास, विचार तथा अधिकारको सम्मान गर्नु पर्ने ।

- सम्पन्न गरेको कार्यको नियमित रुपमा टिपोट गर्ने र प्रतिवेदन पेश गर्ने ।
- स्वयंसेवकलाई सक्षमताका साथ आफ्नो ज्ञान, सिप र क्षमताको प्रयोग गर्ने ।
- स्वयंसेवकले स्वयंसेवा कार्यमा सहयोग र मार्ग निर्देशन गर्ने,
- स्वयंसेवकलाई समुदायदेखि विश्व व्यापी तहसम्म सेवा दिन सकिने गरि तयार रहने ।
- स्वयंसेवा निःस्वार्थ तथा भेदभाव रहित हुनु पर्दछ ।
- स्वयंसेवा स्थानीय आवश्यकतामा आधारित हुनु पर्दछ ।
- स्वयंसेवा मानवीय पीडामा तत्काल राहत प्रदान गर्ने हुनु पर्दछ ।
- स्वयंसेवा सङ्कटाभिमुख जनताको द्वढह तगर्ने हुनु पर्दछ ।
- स्वयंसेवा गरेको कारणले आर्थिक लाभ प्राप्त नहुने तथा हानि ब्यहोर्न नपर्ने हुनु पर्दछ ।
- स्वयंसेवा 'आफ्नो सुरक्षा पहिले' (Safety First) मा आधारित हुनु पर्छ ।

- अरूलाई सेवागर्दा आफ्ना व्यवहार, भावना तथा पूर्वाग्रहहरूबाट स्वयंसेवालाई प्रभावित बन्न दिनु हुँदैन ।
- सङ्कटाभिमुख मानिसहरूले विभिन्न अवस्थामा विवेक भन्दा भावनाबाट प्रेरित भई प्रतिक्रिया गर्न सक्छन् भन्ने कुराको जानकारी स्वयंसेवकमा हुनु पर्दछ ।
- आवश्यक नभएको सहायता विरलै ग्राह्य हुन्छ र कुनै व्यक्तिसँग यसलाई अस्वीकार गर्ने अधिकार हुन्छ भन्ने कुरा स्वयंसेवकले मनन गर्नु पर्दछ ।
- मानिसहरूका आफ्ना समस्या जहाँ छन् र जसरी छनु, त्यसैलाई नै स्वयंसेवकले स्वीकार गर्नु पर्दछ
- मानिसहरूको शारीरिक बनोट तथा मानसिक अवस्था, पारिवारिक पृष्ठभूमि, शैक्षिक योग्यता तथा जीवनका अनुभवहरू फरक-फरक हुन्छन् भन्ने कुराको जानकारी स्वयंसेवकलाई हुनु पर्दछ ।
- सबैको माया पाउने, सुरक्षित रहने, आर्जन गर्ने, कार्य सिद्ध गर्ने र समाजमा चिर परिचित तथा मान्य हुने जस्ता आधारभूत चाहनाहरू समान

हुन्छन् भन्ने कुराको जानकारी स्वयंसेवकलाई हुनु पर्दछ ।

- प्रत्येक मानिसका आफ्ना व्यक्तिगत आवश्यकताहरू हुन्छन् र उसले ती आवश्यकताहरू पूरा गर्न विभिन्न किसिमले प्रतिक्रिया गरिरहेको हुन्छ भन्ने कुराको जानकारी स्वयंसेवकलाई हुनु पर्दछ ।
- मानिसहरू आफ्नो जीवनलाई आफैं नियन्त्रण गर्न चाहन्छन् र आफैं निर्णय गर्न चाहन्छन् भन्ने कुरा स्वयंसेवकले मनन गर्नु पर्दछ ।
- स्वयंसेवकले कामगर्दा सुरक्षा नियमावलीको जानकारी लिई त्यसको ख्याल गर्नुपर्दछ ।

# अनुसूची - २
## स्वयंसेवक सूचीकरण फाराम

(१) विपद् पूर्व तयारी तथाविपद् प्रतिकार्यमा परिचाल नहुने स्वयंसेवक सूचिकरण सम्बन्धी फाराम महानगर स्वयंसेवक ब्युरोले निर्धारण गरे बमोजिम हुनेछ । महानगरपालिका भित्रका वडा तथा समुदायमा र स्वयंसेवक संगठित एवं परिचालन गर्न महानगर स्वयंसेवक सुचीकरण फाराम यस अनुसूचीमा समावेश गरिएको छ ।

प्रमाणीकरण
२०८०/८/८

आज्ञाले
विरेन्द्र देव भारती
प्रमुख प्रसाशकीय अधिकृत